Study to work in
NEW ZEALAND
Meet 1st ICEF Trained Agent Counselor-ITAC 0627 (Internationally Certified) in Pokhara
Get Easy & Quick Offer Letter
No IELTS Required- New Visa Policy *
ICEF Trained Agent Counselor- ITAC 0627
Mr. Rudra Prasad Aryal
MEET US FOR:
- Expert Visa Guidance & Documentation
- Easy & Fast Track Visa Processing
- Dependent Visa Facility
- Pay After Pre-Visa (Approval)
- Work Visa After Study & PR Options.
* For Selected Courses/Colleges
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812 / Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np
Find us : www.facebook.com/beaconpage

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

Study & work in
JAPAN
Intake: April... 100% Visa Sucess in Oct. 2014
सम्पूर्ण खर्च सहित सात लाखमा
- Free NAT/JLPT classes
- Pay after visa
- 100% Part Time Job support
- Full support in Japan
- +12 & above can apply
- Scholarship available
- Translation & Documentation
- NAT/JLPT not required
- College of your Choice
- Age bar/Gap No Problem
- NAT/JLPT classes are running by language expert
हाम्रो विशेषता : भिषा पश्चात् विद्यार्थीलाई आफैले लगेर कामको र बसोबासको वन्दोवस्त मिलाईने
NADESHIKO Language Institute
Ranipauwa, (ब्यारेक, मणिपाल बस स्टपको ठीक अगाडि)
(Karmacharya Hardware सगै)
977- 61-522668, 9805877868

○वर्ष ६ ○अंक ३१ ○श्रेणी 'क' ○२०७१ कात्तिक ११ गते मंगलबार ○ 27 Oct. 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

# विमानस्थल निर्माण सम्झौता अनुमोदन
## अबको एकमहिना भित्र विमानस्थल शिलान्यास हुन्छ-थापा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**




दशकौंदेखिको पोखरेली सपना अब साकार हुने भएको छ। ४० वर्ष अघि पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको चर्चा चलेपनि एका देशको कथा जस्तो बन्दै आएको थियो तर त्यसले अब भने साकार रुप लिने भएको छ। पोखरा क्षेत्रीय विमानस्थलका लागि चिनियाँ कम्पनी (सिएएमसी) र नेपाल नागरिक उड्ययन प्राधिकरण बीच भएको निर्माण सम्झौलाई नेपाल सरकारले सोमबार अनुमोदन गरेपछि विमानस्थल निर्माण हुने पक्का भएको हो। निर्माण सम्झौतासंगै विमानस्थल निर्माणको कार्य प्रारम्भ हुने भएको छ।

सम्झौतासंगै पोखरेली जनताको सपना र विभिन्न अवरोध पार गदै साकार हुने सभाषद् रविन्द्र अधिकारीले सामाजिक सञ्जाल फेसबुकमार्फत सम्झौता भएको सार्वजनीक गरेका छन्। उनले विमानस्थलको प्रक्रियामा सहयोग गर्ने राजनीतिक दल, नागरिक समाज, उद्योगी व्यवसायी, पर्यटन ब्यवसायी, संचारकर्मी, कलाकार लगायत सवैलाई हार्दिक बधाई तथा धन्यबाद ज्ञापन गदै सम्झौता अनुमोदन भएको खुलासा गरेका छन्। सरकारले पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने निर्णय गरेपछि ४० वर्षको सपना वास्तविकतामा परिणत भएपछि पोखरेलीमा खुशी छाएको छ। 'विमानस्थल निर्माण प्रक्रिया अगाडि बढेको छ।'

सभाषद रविन्द्र अधिकारीले भने–'चिनियाँ कम्पनीले बनाउने छ। लागत भने नेपाल नागरिक उडड्यन प्राधिकरणले(क्यान) तोकेभन्दा बढी र चिनियाँ कम्पनीको भन्दा कम लागतमा बन्ने छ।' पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि चीनको एक्जिम बैंकले सहुलियत रुपमा ऋण उपलब्ध गराउने सहमति भईसकेको थियो। सभाषद अधिकारी अनुसार क्यानले १ सय ६५ मिलियन डलर प्रस्ताव गरेको थियो। चिनियाँ कम्पनीले ३ सय १५ मिलियन अनुमान गरेको थियो। चिनियाँ पक्ष र सरकार बीचको समन्वयले २ सय १६ मिलियन डलरमा गर्ने पक्कापक्की भएको उनको भनाई छ। पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बनाउन सरकारले २०३१ सालमा ३ हजार १ सय ६ रोपनी जग्गा विमानस्थल निर्माणका लागि अधिग्रहण गरेको थियो। सरकारले दुईसय १६ मिलियन डलरमा निर्माण गर्ने प्रारम्भिक खाका तयार गरेको छ। चिनियाँ कम्पनी सिएएमसीले चासो दिदैं आएको थियो। कम्पनीले इपिसी मोडल अन्तर्गत विमानस्थल निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने छ। राजनीतिक दलहरु बीचको तनावले विमानस्थल निर्माणको काम अल्झिएको थियो। विमानस्थल निर्माणको लागि अहिले धावन मार्ग समेत निर्माण गरिएको छ। यद्यपि पुरा भने भएको छैन्। अन्तर्राष्ट्रियस्तरको विमानस्थल बनाउन पोखराबासीले गत भदौमा रिले अनशन शुरु गरेका थिए। विभिन्न चरणमा गरिएको रिले अनशनमा दुईहजार भन्दा बढी सर्वसाधारण बसेका थिए। अनशनकै समयमा तत्कालिन माओवादी नेतृत्वको सरकार हुदाँ अन्तर्राष्ट्रिय विमानस्थलको लागि तारजाली लगाउन बजेट समेत विनियोजन भएको थियो। विनियोजित बजेटबाट तारजाली काम शुरु गरिएको थियो।

विमानस्थल निर्माणको आन्दोलनलाई सशक्त बनाउन विभिन्न संघ संस्था र व्यक्तिबाट ८ लाख ६३ हजार सहयोग संकलन गरिएको थियो। सर्वसाधारण समेत आफैं कुटो र कोदालो लिएर पनि धावनमार्गको विरोधको आवाज गुन्जाउन जुटेका थिए। सिंहदरबार समेत घेराउ गर्न पुगेका थिए। सरकारको टोली पटक पटक चीनमा पुगेको थियो। चीनले पनि

*बाँकी अन्तिम पृष्ठमा......*

# पोखरा विश्वविद्यालयमा आर्थिक अनियमितता आशंका
## उपकुलपति भट्टराईसहित २३ जना हिरासतमा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**


Pokhara University: Central Office Building

पोखराको लेखनाथस्थित ढुङ्गेपाटनमा रहेको पोखरा विश्वविद्यालयमा भएको आर्थिक अनियमितता एवं भष्ट्राचार अनुसन्धानका क्रममा उपकुलपति खगेन्द्रप्रसाद भट्टराई सहित २३ जनालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार हिरासतमा लिएको छ। विश्वविद्यालयका पदाधिकारी र कर्मचारीहरुले विश्वविद्यालयको कोषको रकम हिनामिना गरी अनियमितता एवं भ्रष्टाचारजन्य कार्य गरेको प्रमाणबाट देखिइन आएको र निजहरुले आफू विरुद्धको प्रमाण लोप वा नास गराउन सक्ने तथा आयोगको कामकारवाहीमा बाधा पुऱ्याउन सक्ने देखिएकोले उनीहरुसबैलाई हिरासतमा राखी थप अनुसन्धान कार्य भईरहेको अख्तियार पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराले जनाएको छ।

भ्रष्टाचारमा संलग्न देखिएका ईन्जिनियरि सुरेश बराल हाल फरार रहेको र बरालको खोजि कार्य भैरहेको सफल न्यूजमा खबर छ। हिरासतमा लिइएकाहरुमा उपकुलपति भट्टराई, तत्कालिन कार्यकारी परिषद् सदस्यहरु इन्द्रप्रसाद तिवारी, भवानीप्रसाद पाण्डे, ज्ञानेश्वर शर्मा, चन्द्रमणि पौडेल, ईश्वरचन्द्र बाँनिया, कार्यकारी परिषद् सदस्य दिपकराज पौडेल, रजिष्ट्रार प्रा.डा.मानबहादुर केसी, योजना महाशाखा प्रमुख हरिबहादुर खड्का, उपप्रशासक लेखा यादव थापा, उपप्रशाससक लेखा रविन्द्रप्रसाद बराल, पूर्व उपकुलपति केशरजंग बराल, पूर्व रजिष्ट्रार ओमप्रकाश शर्मा, विज्ञान तथा प्रविधि संकायका डीन सुरेशप्रसाद बाँस्तोला, पूर्व परीक्षा नियन्त्रक कर्णवीर पौडेल, कामु परीक्षा नियन्त्रक पूर्णचन्द्रशर्मा, कन्सल्टेण्ट प्रमुख पदमबहादुर शाही, प्राविधिक शाखा प्रमुख विनोदप्रसाद ढकाल, उपप्रशासक होमबादुर थापा, उप्रशासक गोवर्द्धन भट्टराई र ठेकेदार रामेश्वर भण्डारीलाई हिरासतमा लिइएको जनाइएको छ।

आर्थिक अनियमितताको आशंकामा पोखरा विश्वविद्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत साउनमा महत्वपूर्ण फायलहरु कब्जामा लिएर छानविन सुरु गरेको थियो। विश्वविद्यालयले विभिन्न कलेजहरुलाई सम्वन्धन दिंदा तथा विभिन्न संकायका भवनहरु निर्माण गर्दा अनियमितता भएको आशंकामा अख्तियारले छापा मारी फाइनल कब्जामा लिएर छानविन गरिको हो। अख्तियारको टोलीले विश्वविद्यालयमै बसेर फाइलहरुको बारेमा अध्ययन गरेको थियो। आयोगले उनीहरुलाई आयोगको ऐन, २०४८ को दफा १६ अनुसार हिरासतमा लिई अनुसन्धान अगाडि बढाइएको जनाएको छ।

# पोखरा मन्टेश्वरीमा तीनवटा निःशुल्क तालिम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**

नेपालमा प्राविधिक शिक्षाको व्यावसायिक तालिम प्रणालीको सुदृढिकरण गर्नुका साथै गुणस्तरयुक्त तालिममा पहुँच वृद्धि गरि शिपयुक्त जनशक्तिको आपूर्ति बढाउने उद्देश्यले पोखरामा विभिन्न तीन विषयमा निःशुल्क तालिम संचालन हुने भएको छ। तालिम आगामी मंसिर १ गतेदेखि संचालन हुनेछ भने तालिमको अवधि तीन महिना अर्थात ३९० घण्टाको हुनेछ। इसिडी/मण्टेश्वरी, कमर्सियल कुकिङ र वेटर/वेट्रेस विषयमा तालिम प्रदान गरिनेछ।

पोखरा उपमहानगरपालिका वडा नं. ११ रानीपौवास्थित पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ सेन्टर प्रालिले तालिम संचालन गर्नेछ। नेपाल सरकार, शिक्षा मन्त्रालय, इभेन्ट परियोजनाको आयोजना तथा विश्व बैंकको आर्थिक सहयोगमा तालिम आयोजना हुन लागेको हो। पोखरा लगायत पोखरा आसपासका २२० जना व्यक्तिलाई तालिम प्रदान गरिने पोखरा मण्टेश्वरीका प्रवन्ध निर्देशक थिरबहादुर थापाले जानकारी दिए। तालिमका लागि यहि कार्तिक १३ गतेदेखि आवेदन खुल्ला गरिने भएको छ। आवेदन दिने अन्तिम मिति कार्तिक २२ गतेसम्म रहेकोछ। आवेदन फाराम पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ सेन्टर प्रालिबाट निःशुल्क प्राप्त गर्न सकिने बताइन्छ। तालिम अवधिभर प्रशिक्षार्थीहरुका लागि निःशुल्क खाजा र आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था समेत गरिएको तालिम संयोजक अरुणा पुनले जानकारी दिइन।

तालिममा १६ देखि ४५ वर्षका महिला र १६ देखि ४० वर्षसम्मका पुरुषले सहभागिता जनाउन सक्नेछन्। इसिडी मण्टेश्वरी तालिम लिनका लागि भने कम्तिमा एसएलसी उत्तीर्ण गरेको व्यक्तिले मात्र पाउनेछन्। सामाजिक तथा आर्थिक रुपले विपन्न नेपाली नागरिक, दलित, अपाङ्ग, एकल महिला, पूर्व कमैया, कमलरी, सीमान्तकृत, गरिब मधेशी, मानव सूचकांकको हिसावले पछाडि परेका व्यक्तिले तालिमका लागि विशेष प्राथमिकता पाउनेछन्।

नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गतको व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि (इभेन्ट) परियोजनाले वि.सं.२०६८ देखि नेपालभर विभिन्न किसिमका तालिम संचालन गर्दै आएको छ। तालिम संचालनका लागि इभेन्ट र विश्व बैंकसंग २०६८ असारमा सम्झौता भएको थियो। सम्झौता भएपछि इभेन्टबाट करिब ५० हजार नेपाली नागरिकले विभिन्न तालिम प्राप्त गरिसकेको बताइन्छ भने आगामी असारसम्ममा ७५ हजार पुऱ्याउने लक्ष्य राखिएको छ। इभेन्टले शिप परीक्षक तालिम, शिप परीक्षण व्यवस्थापक तालिम, मुख्य प्रशिक्षक तालिमका साथै सिलाइकटाई, कमर्सियल कुकिङ, वेटर वेट्रेस, आर्क वेल्डिङका साथै ह्याण्ड इम्ब्रोइडरी लगायत करिब ५ दर्जन विषयमा तालिम दिंदै आएको छ।

पोखरामा तालिम संचालनको अनुमति पाएको संस्था पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ सेन्टर प्रालि हो। मण्टेश्वरीले तालिम संचालन गर्न लागेको यो तेस्रो पटक हो। शिक्षा क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल पोखरा मण्टेश्वरीबाट हालसम्म ३०० जनाले तालिम प्राप्त गरिसकेका छन्।

# ट्राफिक लाइट नहुँदा ट्राफिक व्यवस्थापनमा समस्या

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**



बढ्दो सवारी साधन व्यवस्थित गर्न नभै नहुने ट्राफिक बत्ति पोखरामा लामो समयदेखि बल्न सकेको छैन। पोखराका मुख्य चोकहरुमा ट्राफिक बत्तिको आवश्यकता खड्कीय पनि त्यसका लागि अहिलेसम्म काम शुरु हुन सकेको छैन।

पोखरा उपमहानगरपालिका र पोखरा अटो कमर्सियल पार्क (पिक्याप) को सहकार्यमा पोखराको तीन वटा चोकमा ट्राफिक बत्ति जडान गरि संचालनमा आएको भएपनि एक ठाउँको भने जडानका प्रक्रिया संचालन हुँदा-हुँदै रोक्कियो। वि.सं. २०५९ सालमा पोखराको महेन्द्रपुल, चिप्लेढुङ्गा र सृजनाचोक ट्राफिक बत्ति जडान गरि संचालमा आएको थियो। मुस्किलले केहि समय संचालमा आएका ती ट्राफिक बत्ति अहिले संचालमा आउन सकेका छैनन्। ट्राफिक बत्ति नहुदा पोखराको मुख्य चोकहरुमा ट्राफिक व्यवस्थापन गर्न कठिनाइ भएको जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख रविन्द्र श्रेष्ठले गन्थन डटकमलाई बताए। श्रेष्ठले ट्राफिक बत्ती नहुदा एउटै चोकमा धैरै ट्राफिक परिचालन गर्नु परेको बताए। उनले ट्राफिक बत्ति जडान हुने हो भने ट्राफिक प्रहरी कम भएपनि हुने बताए। नगरपालिकाले पोखरा कमर्सियल अटो पार्कसंगको सहकार्यमा तीन ठाँउमा झण्डै ४० लाखको लागतमा ट्राफिक बत्ति जडान गगरेको थियो। झण्डै दश वर्ष अघि महेन्द्रपुल, चिप्लेढुंगा र सृजनाचोकमा राखिएको बत्ति अलपत्र, भाँचियको र टुटेफुटेको अवस्थामा छन्।

'सवारीको चाप दैनिक जसो बढ्दै गएको छ। तर ट्राफिक व्यवस्थापनमा कठिनाई हुदै आएको छ।' श्रेष्ठले भने -'ट्राफिक बत्ति संचालनमा आए व्यवस्थापनमा सहज हुने थियो।' थोरै दरबन्दीले ट्राफिक व्यवस्थापनमा कठिनाई भएको भन्दै प्रमुख श्रेष्ठले भनाई थियो। ट्राफिक बत्ति निर्माणका लागि प्राविधिक अध्ययनको खाँचो रहेको उनको भनाई थियो। ३ दिन मात्रै संचालनमा रहेर बन्द भएको शहीद भीमसेन चोकका त्यसपछि बत्ती बल्न छाडेको हो। बलेको छैन्।त्यसपछि उपमहानगर पालिकाको ९० प्रतिशत र पिक्यापको १० प्रतिशत आर्थिक लागतमा सृजनाचोक र चिप्लेढुंगामा बत्ति जडान भएको थियो।

यी दुई स्थानका करिब तीन वर्ष जेनतेन बत्ति बले पनि त्यसपछि बल्न सकेको छैन। अनुमानित ४० लाख रुपियाँको लागतमा ती बत्ति जडान गरिएको नगरपालिकाले जनाएको छ। केहि वर्ष पहिलेको एक सर्भेक्षण अनुसार व्यस्त महेन्द्रपुलमा दैनिक ४ हजार सवारी साधन गुड्ने गर्छ भने त्यसैगरी सृजनाचोकमा र चिप्लेढुङ्गामा क्रमशः ४५ सय र ३८ सय सवारी गुड्ने गरेको तथ्याङ्क छ।

# देउसीभैलोबाट चारलाख आम्दानी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**

पोखराको सहारा क्बलले देउसीभैलोबाट चार लाख बढि रकम संकलन गर्न गरेको छ। क्लबले देउसी भैलोबाट चार लाख तीस हजार पाँच सय ६३ रुपैयाँ संकलन भएको र संकलित रकम सहारा क्लब पोखराद्वारा संचालित सहारा एकेडेमी सञ्चालानार्थ खर्च गरिने क्लवका महासचिव केशबहादुर थापाद्वारा जारी विज्ञप्तिमा जनाइएको छ। 'आत्मा साची राखी, मन, वचन र कर्मले सामाजिक सेवा गरौं' भन्ने उद्देश्यका साथ २०५५ सालमा स्थापित सहारा क्लब पोखराले आफ्नो स्थापना कालदेखि नै नेपालीहरुको दोश्रो महान चाँड तिहारको उपलक्ष्यमा 'सँस्कृतिको जगेर्ना गरौ, सहारा एकेडेमीलाई सहयोग गरौं' भन्ने उद्घोषका साथ खेल्दै आएको छ।

# चेष्टगार्डमा माक्स !

**पोखरा १० कार्तिक ।(गोल्डेन)**

पोखरा उपमहानगरपालिका वडा नं. १० ईन्द्रचोकमा रहेको आरोग्य होमियो फार्मेसीले जाडोको समयमा चेष्ट-गार्ड खरिदमा नयाँ अफर सार्वजनिक गरेको छ। 'मोटरसाइकल चलाउँदा चेष्ट-गार्ड लगाऔं, छातिलाई चिसो हुनबाट बचाऔं' भन्ने मूल नारा समेत आरोग्यले सार्वजनिक गरेको छ। आरोग्यको नयाँ अफरमा एकथान चेष्टगार्ड खरिदमा एकथान मुखमा लगाउने माक्स सित्तैमा रहेको छ।

आरोग्यमा सोनी ब्राण्डको चेष्टगार्ड पाइनेछ। विशेष प्रविधिले बनेको सोनी चेष्टगार्डको प्रयोगले चिसोले छाति, फोक्सो, घाँटीलाई कुनै असर नगर्ने आरोग्य होमियो फार्मेसी एवं आरोग्य होमियोप्याथिक हस्पिटल प्रालिका प्रवन्ध निर्देशक डा. विष्णु चापागाईले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए।

WANTED URGENTLY
We are seeking smart, outgoing & dedicated females in the following positions for immediate start:
Position: Student Advisors - 2
Hours: Full time
Min. Qualification: 10+2 Completed
Preference: Bachelor degree holder, experienced.
Top rated office training & attractive salaries will be offered to the successful canditates.
Apply along with your CV at:
info@delta.edu.np
DELTA EDUCARE NEPAL (P) LTD
2nd Floor, BBC Bhawan Chipledhunga, Pokhara
QEAC AUSTRALIA
ECAN
www.delta.edu.np
Ph: 061-539853

ईजरायल
ईजरायलमा लामो समय
हिब्रु भाषाको ट्रेनिङ्ग प्राप्त गरी
नेपाल आउनु भएका दक्ष हिब्रु भाषा
प्रशिक्षकहरूद्वारा भाषा प्रशिक्षण तथा
केयर गिभर तालिमका लागि
धमाधम भर्ना लिइरहेको छ।
ईच्छा शक्ति र लगानी तपाईको गन्तव्यमा पुऱ्याउने जिम्मा हाम्रो
पश्चिमाञ्चलको एकमात्र पुरानो हिब्रु भाषा प्रशिक्षण केन्द्र . . .
TOPS Language & Training Institute
महेन्द्रपुल, हुलाक पछाडि (मेडिकल लाइन)
(गोर्खा मेडिकलको दोस्रो तलामा)
फोन: ०६१-६२२२८९, ५२५८३५

जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.
Specially International Tickting & Domestice Ticket
अन्य सेवाहरू :
- Internation & Domestice Hotel Booking
- Touriest Bus Ticket and other Travels.
- Helicopter Charter
Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +977-61-526004, 9856031455, 9846065544
Fax : +977-61-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointtravel.com.np

■ एकाग्रतापूर्वक गरिएको विचारले असम्भवलाई पनि सम्भव बनाउँछ ।

*- खप्तड स्वामी*

## सम्पादकीय . .

# सार्क शिखर सम्मेलनको तयारीमा गम्भीर बनौं

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को १८ औं शिखर सम्मेलन आगामी मंसिर १० र ११ गते नेपालमा हुँदैछ। आयोजक राष्ट्र नेपाल शिखर सम्मेलनको तयारीमा जुटेको छ। विशिष्ट पाहुनाको आवागमन हुने सडक मर्मत सम्भार गर्ने काम तीव्र गतिमा भइरहेको छ। सम्मेलन स्थल भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहको स्तरोन्नति गरिँदैछ। परराष्ट्र मन्त्री महेन्द्रबहादुर पाण्डे विशिष्ट पाहुनालाई निम्तो दिन विदेश भ्रमणमा व्यस्त छन्। सबै सदस्य राष्ट्रले शिखर सम्मेलनमा उपस्थित हुने निमन्त्रण स्वीकार गरेका छन्। शिखर बैठकको तयारी स्वरूप विभिन्न समितिका बैठक भइरहेका छन्। अर्थात, सार्क शिखर बैठक हुने त निश्चित देखिएको छ तर, यो निश्चितताले सरकारी संयन्त्रलाई गम्भीर बनाउन भने सकेको छैन। निर्माण र मर्मत सुधारका कामकाज सुस्त गति र अस्तव्यस्त शैलीमा भइरहेका छन्। यसैले काम समयमै सकिने र गुणस्तर पनि कायम हुने विषयमा ढुक्क हुन गाह्रो छ। काठमाडौंमा विशिष्ट व्यक्तिको आवागमनमा प्रयोग हुने सडक सिँगार्ने प्रयास गरिएको छ तर भित्री सडकको दुर्दशा र सरसफाइको अवस्था कहालीलाग्दो छ। सार्कका बेलामा आउने पाहुना विशेषगरी सञ्चारकर्मी भित्री सहरमा पसे भने मुलुकको दयनीय चित्र संसार सामु पुग्नेछ। यसैगरी सार्कका बेलामा बन्ने संरचना दिगो भएनन् भने खर्च त खेर जानेछ नै जनतामा थप वितृष्णा उत्पन्न हुनेछ। सार्कका विशिष्ट पाहुनाको सुरक्षा जोखिम बढी नै रहेको मानिन्छ। यसैले सरकारको पहिलो ध्यान उच्चस्तरको त्रुटिरहित सुरक्षा व्यवस्था सुनिश्चित गर्नमा केन्द्रित हुनुपर्छ। सार्क शिखरका क्रममा आउने अतिथिहरूको सुविधामा पनि उत्तिकै ध्यान दिनु आवश्यक हुन्छ। सार्क शिखरका क्रममा अतिथिहरूलाई दृश्यावलोकन गराउने चलन छ। सबैजसो सहभागी बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गर्न इच्छुक हुनसक्छन्। यसैले सुरक्षा र सुविधाको तयारीका क्रममा लुम्बिनी र जनकपुरलाई पनि उत्तिकै महत्व दिइनुपर्छ। नेपालको कर्मचारीतन्त्र पूर्वक्रियाशील छैन। माथिको आदेश वा व्यक्तिगत लाभ बिना सरकारी कर्मचारी स्वविवेकले नियमित कार्यमा समेत अग्रसर हुने गर्दैनन् भने अपेक्षित जोखिम पनि उठाउने आँट गर्दैनन्। सरकारी कर्मचारीहरूबाट सार्कको तयारीजस्तो प्रत्यक्ष सम्बन्ध नभएको काममा अग्रसरता र प्रतिबद्धताको अपेक्षा गर्नु सायद बुद्धिमानी पनि हुँदैन तर, यिनै कर्मचारीलाई कजाएर कामकाज सम्पन्न गर्नुको विकल्प पनि छैन। यसैले सार्कको तयारीमा उच्चस्तरीय सतर्कता र संलग्नता आवश्यक देखिन्छ। नियमित प्रक्रिया र संयन्त्रको भर पर्ने हो भने अन्तिम अवस्थामा सानो कमजोरीले मुलुकको ठूलो बेइज्जत हुनसक्छ। संसारका धेरै मुलुकमा यस्तै विशेष आयोजनामा उल्लेखनीय भौतिक संरचना तयार गरिएको देखिन्छ। त्यस्ता संरचनाले पर्यटकलाई समेत आकर्षण गर्छन्। नेपालमा भने प्रायः अन्तिम अवस्थामा काम गर्ने र समय नभएको नाममा विधि, प्रक्रिया तथा कामको गुणस्तरमा सम्झौता गर्ने चलन छ। सडक मर्मतदेखि सभागृहको स्तरोन्नतिसम्मका कामको अवस्था हेर्दा यसपटक पनि त्यही चलन दोहोरिन लागेको देखिएको छ। यसैले सरकारले विशेषगरी प्रधानमन्त्री सुशील कोइराला स्वयंले सार्कको तयारीका सबै पक्षको नियमित अनुगमन गरेर देखिएका समस्या तत्काल समाधान गर्ने गराउने कार्यशैली अपनाउनुपर्छ। यसका लागि प्रधानमन्त्रीकै मातहतमा उच्चस्तरीय र अधिकार सम्पन्न संयन्त्र क्रियाशील गराइनुपर्छ। सुरक्षाका नाममा सर्वसाधारणलाई अनावश्यक सास्ती दिने चलन पनि नेपालमा पुरानै हो। यस पटक पनि विशिष्ट पाहुनाको आवतजावतका क्रममा काठमाडौं उपत्यकाको पूरै यातायात व्यवस्था अस्तव्यस्त हुनसक्छ। सुरक्षाका नाममा बढी सास्ती दिइयो भने जनतामा सार्क सम्मेलनप्रति नै आक्रोश उत्पन्न हुनसक्छ। यसैले बेलैमा सार्वजनिक यातायातका वैकल्पिक व्यवस्था मिलाउन र सुरक्षा प्रबन्धमा सम्झौता नगरी जनताको सुविधा सकेसम्म कटौती नहुने व्यवस्था पनि मिलाउनुपर्छ। नेपालमा धेरैपछि सार्क शिखरजस्तो महत्वपूर्ण आयोजना भइरहेको छ। यसको सफलताले मुलुकको आत्मविश्वास बढाउन सक्छ भने सानो त्रुटिले पनि साख र आत्मविश्वास गुम्छ। यसतर्फ आयोजक राष्ट्र नेपाल सरकार गम्भीर हुनुपर्ने देखिन्छ।

## आजको पञ्चाङ्ग

**आज मिति २०७१ साल कार्तिक ११ गते मंगलबार, तदनुसार अक्टुवर २८ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३५, प्लवङ्गनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चल्दै छ। चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको पञ्चमी तिथि ४४ घटि ५४ पला अर्थात रातिमा १२ बजेर १० मिनेटसम्म त्यसउप्रान्त षष्ठी तिथि लाग्नेछ। आज सूर्य तुला राशिमा रहेको छ भने चन्द्रमा धनु राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि ५३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १२ मिनेटमा जयदेव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ५ बजेर २१ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष :** स्वास्थ्यका एक्कासी समस्या देखा पर्ने, हतियारबाट कष्ट, विरोधी सक्रिय, नास्तिक विचार पलाउनेछ।

**वृष :** समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला।

**मिथुन :** एक्कासी आम्दानीमा वृद्धि, राज्यपक्षबाट सहयोग, प्रेम प्रसंग सफल, तार्किक क्षमताको विकास हुनेछ।

**कर्कट :** यशकीर्ति बढ्ने, आफन्तबाट सहयोग, नवीन कार्यमा लगानी, व्यापारबाट पर्याप्त मुनाफा हुनेछ।

**सिंह :** कार्यमा व्यावधान आम्दानी घट्ने पारिवारिक किचलो, स्वास्थ्यमा धन खर्च गर्नुपर्ने छ।

**कन्या :** जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ।

**तुला :** पारिवारिक सहयोग, उत्साह उमंग पलाउने, व्यापारबाट लाभ, वैयक्तिक प्रभाव बढ्नेछ, समय शुभ रहनेछ।

**वृश्चिक :** मनमा अनावश्यक पीडा, अनावश्यक टक राव हुने, आर्थिक भार थपिने, आफन्तबाट धोका पाइनेछ।

**धनु :** रोजगारीबाट आत्म सन्तुष्टि मिल्नेछ, मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, सम्मानको अवसर।

**मकर :** दुर्घटनाका भय, आफन्तसँग मनमुटाव, शारीरिक पीडा थपिने समय खराब छ, सतर्क हुनुहोला।

**कुम्भ :** नयाँठाउँको अवलोकन, आरोग्य जीवनको उपभोग, विरोधी माथि विजयी, प्रतियोगितामा सफलता मिल्नेछ।

**मीन :** स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# रेवानले समेट्न नसक्दा सिटी रेवान जन्मियो–शर्मा



कृष्णप्रसाद शर्मा

**पोखरा पर्यटकीय शहर हो । यहाँ हुने सबै गतिविधिहरु पर्यटनसँग जोडिएर आउँछन् । चाहे बाह्य पर्यटन विकासका लागि होस् चाहे आन्तरिक पर्यटनको बढवाका लागि नै किन नहोस पोखराका विभिन्न क्रियाशिल संघसंस्थाहरु मेला महोत्सवका मार्फतबाट आफ्ना गतिविधि बढाइरहेका हुन्छन् । त्यसैले त समाजमा आफ्नो संस्थालाई चिनाउनका लागि पनि मेला महोत्सवको सहारा लिने गरेका हुन्छन् । यसरी एक वर्षमा हुने डेढ दर्जनभन्दा बढी मेला महोत्सवले पोखरालाई पर्यटकीय भन्दा पनि महोत्सवको शहरका रुपमा विकास गर्दै गईरहेको पनि भान हुन्छ । यसैबीचमा यसवर्षको हिउँदयामको शुरुवातमै सिटी रेवान पोखराको आयोजनामा 'फुड फेष्टिवल' हुने भएको छ । पोखरा रंगशालामा हुने यो फेष्टिबलबाट आम सर्वसाधारणले जे अपेक्षा गरे पनि सिटी रेवान पोखराले भने महोत्सव सबैका लागि फलदायी हुने र यसले आन्तरिक पर्यटनमा वृद्धि गर्न टेवा पुर्‍याउने अपेक्षा गरेको छ । यसैबीच सिटी रेवानका अध्यक्ष तथा फेष्टिबल संयोजक केपी शर्मासँग गरिएको अन्तररंग कुराकानी प्रस्तुत गरिएको छ ।**

***❖ कहाँ पुगेको छ महोत्सवको तयारी ?***

करिब ९५ प्रतिशत तयारी पुरा भएको छ। स्टल निर्माणको काम पुरा भइसकेको छ। त्यस्तै ९० प्रतिशत स्टल बुकिङ समेत भइसकेको छ। सांस्कृतिक कार्यक्रमका लागि राष्ट्रिय तथा स्थानीय कलाकारहरुसँग कुराकानी गर्ने काम भइसकेको छ भने कतिपय कलाकारहरुलाई पक्का-पक्की पनि गरिसकेका छौं।

***❖ यो कस्तो महोत्सव हो ?***

**शर्मा** : यो महोत्सव एउटा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना गरिएको सांस्कृतिक महोत्सव पनि हो। यसले यहाँका ओझेलमा परेका पर्यटकीय गन्तव्यहरुको उजागर गर्नेछ। अझ प्रत्यक्ष रुपमा यहाँको स्थानीय उत्पादन र संस्कृतिलाई प्राथमिकताका साथ पेश गर्नेछ। यसका साथै छिमेकी जिल्लाका विभिन्न गाविसका सांस्कृतिक झलकहरुलाई यो महोत्सवले समावेश गर्नेछ। सम्पूर्ण दर्शकले आफूमा भएका कला तथा प्रतिभालाई पनि स्थान दिने महोत्सवका रुपमा यो महोत्सवलाई लिन सकिन्छ।

***❖ पोखरामा मेला महोत्सवको कुनै खडेरी छैन । फुड फेष्टिबलले अन्य मेला महोत्सव भन्दा के फरकपन महशुस गराउँछ ?***

**शर्मा** : यो फेष्टिबल विशेषगरी पोखरा नगरभित्र संञ्चालित होटल तथा रेष्टुरेण्ट व्यवसायीद्वारा आयोजित फेष्टिबल हो। यसले सबै क्षेत्रलाई सम्बोधन हुनेगरी कार्यक्रम आयोजना गरेको छ। जस्तै यो फेष्टिबलमा अन्य महोत्सवमा जस्तो लोकदाहोरी, पप कन्सर्टमात्रै नभएर लोपोन्मुख खानाका परीकारहरुको अवलोकन तथा अनुभव लिनसक्ने इभेन्टलाई प्राथमिकताका साथ राखिएको छ। यसको अलवा धार्मिक क्षेत्रलाई पनि प्राथमिकताका साथ फेष्टिबलले समेटेको छ। महोत्सव अवधिभर सम्म भजनचुट्का प्रस्तुत हुनु, निःशुल्क स्वास्थ्य शिविरको व्यवस्था पनि छ। यो बाहेक यसपटक अलि नयाँ आकर्षण पनि रहनेछ फुड फेष्टिभलमा। विशेष गरी लमजुङको घलेगाँउमा रहेका गुरुङ समुदायको लोकप्रिय घाटु नाच र लोकप्रिय ठाडो भाकालाई पोखरा रंगशालामा यो महोत्सवले प्रस्तुत गर्नेछ। त्यस्तै धौलागिरिको लोकप्रिय भाका यानीमाया र सुनीमायालाई पनि महोत्सवमा प्रस्तुत गरिनेछ। त्यस्तै महोत्सवको अर्को आकर्षणका रुपमा ३५ वर्षभन्दा माथिका विवाहित पुरुषको एकल नृत्य प्रतियोगिताको आयोजना पनि महोत्सवमा रहनेछ भने विवाहित महिलाहरुको एकल नृत्य प्रतियोगिता पनि महोत्सवमा समेटेका छौं। हास्यव्यङ्ग्य प्रतियोगिता पनि हुनेछ।

***❖ सबै मेला महोत्सव पर्यटन गतिविधी विकासका लागि भन्दै आयोजना हुने गरेका छन् । फुड फेष्टिबलले कस्तो खाले पर्यटन गतिविधि बढाउने अपेक्षा गर्नुहुन्छ ?***

**शर्मा** : हामी पर्यटन व्यवसायी नै भएकाले आन्तरिक पर्यटकलाई विशेष महत्वमा राख्नेछ। यसका साथै विदेशी पर्यटकलाई पनि प्रत्यक्ष रुपमा नेपाली संस्कृति झल्काउने खालका प्रस्तुतिहरु देखाएर उनीहरुलाई आकर्षण गर्ने लक्ष्य छ। त्यसको साथ-साथै कास्की जिल्ला लगायत सम्पूर्ण छिमेकी जिल्लामा संञ्चालित होम-स्टे कार्यक्रमका बारेमा पनि उपस्थित सबै आन्तरिक तथा बाह्य दर्शकहरुलाई जानकारी दिने प्रयास रहनेछ। यसले ग्रामीण क्षेत्रमा पर्यटकको पहुँचमा टेवा पुग्नेछ। तसर्थ महोत्सवले स्थानीय संस्कृति तथा कलाको पहिचान तथा प्रवर्द्धन गर्दै बाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने उद्देश्य भएकाले स्थानीय स्तरको पर्यटन विकासमा टेवा पुग्ने अपेक्षा आयोजकले लिएका छौं।

***❖ महोत्सवमा कति दर्शक र कारोबारको अपेक्षा गर्नुभएको छ ?***

**शर्मा** : दर्शक कति हुन्छन् भन्दा पनि हामीले यसपटक संस्थागत रुपमै विभिन्न जिल्लाका संघसंस्था र समुदायलाई निम्तो गरेका छौं। यसमा म के दावाकासाथ भन्न सक्छु भने यस पटकको फुड फेष्टिबलमा दुई लाख जनाभन्दा बढी दर्शकको सहभागिता रहनेछ। कारोबारको कुरा गर्दा स्वदेशी तथा विदेशी सामाग्रीहरुसहितको एक सय चालिस ओटै स्टलहरु रहने भएकाले झण्डै चारदेखि पाँच करोडसम्मको आर्थिक कारोबार हुने अनुमान लिएका छौं।

***❖ पहिलेपहिले फुड फेष्टिबल नयाँबजारमा आयोजना गर्नुहुन्थ्यो । यसवर्ष न्यूरोडमा गर्ने तयारी पनि गर्नुभयो तर पोखरा रंगशालामा फेष्टिबल गर्दै हुनुहुन्छ किन ?***

**शर्मा** : खास गरेर हामीले पोखराको न्यूरोडमै फुड फेष्टिबल गर्ने भनेका हौं। तर यहाँको ट्राफिक व्यवस्थापन र शान्ति सुरक्षाका दृष्टिकोणले गर्दा प्रशासनले अनुमति दिएन। यातायात बन्द नगरीकन फेष्टिबल आयोजना गर्ने अनुमति पाएका थियौं तर न्यूरोडजस्तो ब्यस्त सडकमा त्यो सम्भव नभएकाले रंगशालामा फेष्टिबल आयोजना गरेका हौं।

***❖ फरक प्रसङ्ग, तपाईंको संस्था रेष्टुरेण्ट व्यवसायीको साझा संस्था भन्नुहुन्छ तर पोखरामै रेष्टुरेण्टको संस्थाका रुपमा रेवान पनि छ । एउटै प्रकृतिका दुई संस्थाको आवश्यकता किन ?***

**शर्मा** : रेवान हामीहरुको अग्रज र जेठो संस्था हो। हामीले उहाँहरुलाई सम्मान पनि गर्छौं तर उहाँहरुले हामीहरुलाई समेट्न सक्नुभएन। नगरको केहि क्षेत्रका होटल रेष्टुरेण्ट व्यवसायीलाई मात्र पर्यटन व्यवसायी भनेर अरुलाई समेट्न चाहनुभएन। बाँकी पोखराका १७ ओटै वडाका व्यवसायीहरुले आफ्नो पहिचान र व्यवसाय प्रवर्द्धन गर्ने गरी पोखराका विभिन्न पर्यटकीय स्थल जस्तै धम्पुस, घान्द्रुक, सराङकोट, लेखनाथलगायत जति पनि होटेल रेष्टुरेण्ट सञ्चालन गरेर नेपाल सरकारलाई प्रत्यक्ष रुपमा कर तिरेर कानूनसम्मत सञ्चालन गर्ने गरेका छन्। तिनीहरुपनि पर्यटन व्यवसायी हुन् यिनलाई पनि समेट्नुपर्छ भन्ने लागेपछि सिटी रेवान पोखरा स्थापना गर्नुपरेको हो। तर पनि पोखरामा रेष्टुरेण्ट तथा होटल सम्बन्धी जातीय संस्था भएपनि आपसमा सहकार्य र सम्बन्ध कायम गरेर अघि बढाईरहेका छौं।

***❖ अन्तमा केही भन्नुहुन्छ कि ?***

**शर्मा** : सिटी रेवान पोखराले आयोजना गर्न लागेको तेश्रो सिटी रेवान महोत्सव तथा फुड फेष्टिबल सिटी रेवानको मात्रै र यो एउटा संस्थालाई मात्र प्रवर्द्धन गर्ने उद्देश्य नरहेकाले यसले सम्पूर्ण पोखराका उद्योग व्यवसाय, उहाँको उत्पादन, संस्कृतिलाई प्रवर्द्धन गर्ने हुदाँ उद्यागी व्यवसायी लगायत सम्पूर्ण कास्कीवासी र छिमेकी जिल्लावासीले पनि सहभागिता जनाइदिनुहुन अनुरोध गर्दै तपाईंको यस मिडिया मार्फत चुल्है निमन्त्रण गर्दछौं।

**साभार : सफल न्यूज डटकम**

# नुवाकोट बस दुर्घटनामा परेका सबैको सनाखत

**नुवाकोट १० कार्तिक ।(रासस)**

पासाङल्हामु मार्गको बालाजु-त्रिशूली खण्डको बेलकोट-५, तिगाउँ नजिकै आरुबोटेको भिरमा गत शुक्रबार भएको बस दुर्घटनामा मृत्यु हने सबैको सनाखत भएको छ। दुर्घटनामा मृत्यु भएका १४ मध्ये १२ जनाको सनाखत भएकामा बाँकी एक विदेशी र एक नेपालीको पनि आज सनाखत भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ। सनाखत भएकोमा ओखरढुङ्गा पातले-३ का २२ वर्षीय तेन्जिङ शेर्पा र पातले -७ का ५४ वर्षीय बलबहादुर सुनार तथा मलेसियाली २९ वर्षीय फ्रान्सिस लिङ सिउ जिङ भएको नुवाकोट प्रहरीले जनाएको छ। उक्त दुर्घटनामा काठमाडौं मनमैंजुका ३४ वर्षीया नानीमैयाँ न्यौपाने, १६ वर्षीय प्रशान्त न्यौपाने र ४० वर्षीया गङ्गा तिवारी, रसुवा भोर्ले ५ का ३२ वर्षीय राजु थिङ, भोर्ले ४ की २२ वर्षीया लक्ष्मी घलान र भोर्ले ४ कै १९ वर्षीय महेश घलान, नुवाकोट दाङ्सिङ ४ की ४० वर्षीया विमला तामाङ, गेर्खुकी १२ वर्षीया करिना श्रेष्ठ, सिन्धुपाल्चोक ठूलोपाखरका ६० वर्षीय विष्णुकुमार तामाङको पनि निधन भएको छ।

**मृतकमा दुई इजरायली**

मृतक हुने विदेशीमा इजरायली ३० वर्षीय ओमेर सिमेश र सिराह छन्। घटनास्थलमा सात र उपचारका लागि अस्पताल लगिएकामध्ये त्रिशूली अस्पतालमा दुई, ग्रिनसिटीमा एक र त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा चार जनाको मृत्यु भएको थियो।

काठमाडौंबाट रसुवाको स्याफ्रुबेंसी जाँदै गरेको बा २ ख २२६६ नंको बसले क्षमताभन्दा तीन गुणा बढी यात्रु राखेकाले दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक अरुण पौडेलले बताए। चौंतीस जना सीट क्षमताको बसमा ८० भन्दा धेरै यात्रु थिए। दुर्घटनामा परी ६८ जना घाइते भएका थिए। दुर्घटनामा घाइते भएका यात्रुमध्ये ३५ जनाको राजधानीका विभिन्न अस्पतालमा उपचार भइरहेको तथा अन्य सामान्य घाइते भएका यात्रु उपचारपछि घर फर्किसकेका छन्।

**होटल विक्रीमा**

**बैदाम पामे सडक अन्तर्गत फेवाताल किनार, खपौंदीमा दुई रोपनी क्षेत्रफलमा सभाहल र कोठा समेत भएको चालु अवस्थाको कटेज (होटल) विशेष कारणवश तु–विक्रीमा छ ।**

**सम्पर्क : ९८१४१९८७२५ (कविन्द्र)**

# काहुँखोला जागरण समूहले तिहार मनाए

**पोखरा १० कार्तिक ।(गोल्डेन)**

बर्ष दिनमा आउने तिहारलाई काहुँखोला जागरण समूहले विशेष रुपमा मनाएको छ। तीन दिनको तिहारमा ८ जनाको समूहले जम्मा ९ घण्टा देउसी भैलो खेली १० हजार जम्मा गरे। उनीहरुले प्रहरी प्रशासनको समय सीमाको मर्यादा मात्र राखेनन मीठा-मीठा नेपाली गीत गाएर टोलबासीलाई मुग्ध पनि पारे। तिहारको भोलिपल्टै आइतबार उनीहरु पोखरा वृद्धाश्रम पुगे। खर्च कटाउँदा बाँकी रहेको ५ हजार बृद्धाश्रमलाई मद्दत गरे। समाज सेवा गर्ने रहर छ भर्खरै पश्चिमाञ्चल गोल्डेन आइडलमा प्रथम भएका रोहनजंग कार्कीले भने देउसी भैलीको सहायताबाट बृद्धाहरुलाई सम्मान गरेको र अरु गर्ने इच्छा छ उनले भने। १० कक्षा पढ्दै गरेको सवै साथी मिली रचनात्मक कार्य गर्न पाएकोमा समुहका सदस्य आकाश रानाभाट, सुजन थापा, योगेश, सुजन, महेश, सुरेश, नवराज, आकाश र रोहन पनि रमाएका छन।

आफ्ना युवा छोराहरु सानै उमेरदेखि सहयोगी भएको देख्न पाउँदा खुशी लागेको रोहनका माता सम्झना कार्कीले वताउँछिन्। सानो उमेरका युवाहरुको यस्तो सहयोगी भावना देखेर उदाहरणीय कार्यलाई पोखरा वृद्धाश्रमका व्यवस्थापक राज शर्माले धन्यवाद दिए।

**तपाईले पढ्नै पर्ने पत्रिका**

**गोल्डेन न्यूज दैनिक**

**तपाईले सुन्नै पर्ने एफ.एम.**

102.2 sunaulo fm

**Offer! Offer! Offer!**

Website Design @ 10,000/-, Android Apps @ 5000/-, Domain Registration @ 1500/-, Hosting Unlimited Space @ 1500/-, Online Internet Radio Streaming @ 5000/-, Computer Sales and Maintenance, Home Service Charge @ 200/-, NOD32/Kaspersky Antivirus @ 500/-, 4GB HP/SONY Pen Drive @ 400/-, 8GB HP/SONY Pen Drive @ 600/-

*Mycomputersathi*, Buddhachowk, Pokhara-10

Contact: 9746014694, 9804160688, 9846444087

**Email :** mycomputersath, **Skype :** mycomputersathi

**Website :** www.mycomputersathi.com

**सुनौलो एफएममा ज्योतिष जागरण**

प्रत्येक मंगलबार बिहान ठीक ८:१५ बजेदेखि ९:०० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला। सुझावका लागि : वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी। मोवाइल : ९८५६०३०९१४

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला।

हाम्रा विशेषताहरू :-
- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने।
- १ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता भइरहेको छ।

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१४९२

**चाया, पोतो र डण्डिफोर Bye Bye**

चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने

यहाँ *Orginal Korean Cosmetic Product* पाइन्छ।

- साथमा मोटोपन घटाउने र बढाउने पनि।
- कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
- सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
- महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
- चाउरिपना हटाउने
- पिनासका लागि सफल उपचार।
- ग्याष्ट्रिक उपचार
- Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने।
- थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने।

Skin Test गरिन्छ।

ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने

नेपालकै नं. १ *Aloevera Juice* हामीकहाँ पाइन्छ।

**बिहानी ब्युटी ट्रेडर्स**

चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४५५४

(मल्ल इम्पोरियमको अगाडि द्वा कम्प्लेक्स भन्दा दुई घर तल)

**Visit Visa**

Visit Visa मा विदेश जानु परेमा साथै Bank Balance र Audit Report का लागि सम्पर्क गर्नुहोला

सम्पर्क : ९८५६०३७५८१

**तुरुन्त खानेपानी चाहिएमा**

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५

**डीप रक वाटर सप्लायर्स**
मितेरी गाउँ-१५, पोखरा

**अनेक समस्या सफल उपचार**

**ग्याष्ट्रिक:** खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार।

**यौन समस्या:-** सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार।

हामीकहाँ फियर एलोभेरा जुस पाइन्छ।

**महिला सम्बन्धि समस्या**

महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार।

**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**

**सुन्दरता:-** कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने।

**दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने।**

**थप उपचार:-** प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल।

**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम डेलिभरि

फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

# सन्तान निष्ठुरी भएपछि मागेर खाने वृद्धवृद्धाको पीडा

**सुशिल दर्नाल**
**काठमाडौं १० कार्तिक ।**

आफैँले जन्माएका सन्तान निष्ठुरी भएपछि रूपन्देहीकी ७० वर्षीया गीतादेवी धिमाल बितेका छ वर्षदेखि राजधानीका गल्लीमा मागेर जीवन गुजारा गरिरहनुभएको छ । तीन छोराकी आमा धिमाल आफ्नो जिउनी छोराहरूले हडपेपछि खाना, छाना र नानाविहीन भएर मगन्ते जीवन जीउन बाध्य हुनुभएको हो । "बुढा स्वर्गेवास हुनुभयो, तीनभाइ छोरा थिए आपसमा झगडा गरेर भएको सम्पत्ति सबै आ(आफ्नो नाममा गरी मलाई यो बाटोमा मागेर खानुपर्ने बाध्य बनाए"-धिमालले दुःखेको गर्नुभयो ।

कहिले रत्नपार्क पुल नजिकै त कहिले सुन्धारा, वीर अस्पताल अगाडि, स्वयम्भू, गौशालालगायत राजधानीका गल्लीमा बसी बाटो हिँड्ने सर्वसाधारण बटुवासँग हात पसारेर आर्थिक सहयोग माग्नु उहाँको दैनिकी हो । राजधानी सडकमा आफूलाई एक्लै छाडेर छोरा बुहारी बेपत्ता भएपछि बारा जिल्लाकी ७१ वर्षीया कल्पना शाह पनि दुई छाँक खानकै लागि सडकमा माग्न बसेको तीन वर्ष भयो । उहाँले सडकमा दैनिक मागेर रु ३/४ सय सङ्कलन गरी रु दुई हजार ५०० कोठा भाडा तिरेर आफ्नो गुजारा गर्दै आउनुभएको छ । शाहले भन्नुभयो,-"छोरो जन्माएर यो बुढेसकालमा बाटोमा मागेर खानुपरेको छ, बाटोमा माग्न बस्दा कोही बाटो हिँड्नेले धकेल्दै कुल्चेर हिँड्छन्, कोही जाँडरक्सी खाएर चाप्नै आउँछन्, त्यो बेलामा कठैबरा भन्ने कोही हुँदैन ।" यसरी कोही आफन्त नभएर वा आफन्त हुँदाहुँदै पनि बाटोमा मागेर जीवन जीउन बाध्य हुने वृद्धवृद्धामध्ये धिमाल र शाह उदाहरण मात्रै हुन् ।

उता ज्येष्ठ नागरिक संयुक्त सङ्घर्ष समितिको नेतृत्वमा विभिन्न माग राखेर साढे २० महिनादेखि वृद्धवृद्धा मीनभवनस्थित सडकमा धर्ना बस्दासमेत कुनै सुनुवाइ भएको छैन् । वृद्धवृद्धामध्ये दश जनाको धर्ना बस्दाबस्दै मृत्यु भइसकेको छ । ज्येष्ठ नागरिकले सरकारी अस्पतालमा आफूहरूलाई निःशुल्क उपचार गर्नुपर्ने र सर्वोच्च अदालतले जारी गरेको परमादेशको आदेश लागू गर्नुपर्नेलगायतका माग गरी विभिन्न सङ्घर्षका कार्यक्रम गर्दै आएका छन् ।

अधिकारका लागि सङ्घर्ष गर्ने वा सडकमा माग्न बस्ने वृद्धवृद्धामध्ये धेरै जना आफन्त नभएका, छोरा बुहारीले वृद्धाश्रम र सडक छेउमा बेवारिसे अवस्थामा छाडिदिएका, भएको सम्पत्ति आफ्नो नाममा गरेर आफन्तले घरबाट निकालिदिएका र राज्यका जिम्मेवार निकायमा रहनुभएका अमेरिका, बेलायत लगायतका देशमा बस्ने व्यक्तिका आमाबाबु पनि हुनुहुन्छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ज्येष्ठ नागरिक संरक्षण शाखा प्रमुख तथा उपसचिव मीरा शेरचनले सडकमा मागेर खाने वृद्धवृद्धाको बारेमा मन्त्रालयले अहिलेसम्म कुनै योजना बनाएको छैन् तर सम्पर्कमा आएको खण्डमा उहाँहरूलाई वृद्धाश्रममा राख्न सकिन्छ भन्नुभयो ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका उपाध्यक्ष मदनदास श्रेष्ठले पैतृक सम्पत्तिमा छोराछोरीको हक दाबी नलाग्ने, बाबुआमा जीवित रहन्जेल पैतृक सम्पत्ति छोराछोरीको नाममा नामसारी गर्न नपाइने र बाबुआमाका विरुद्धमा सन्तानले कुनै बहानामा उजुरी गर्न नपाइने कानुनी व्यवस्था भएको खण्डमा वृद्धवृद्धा बुढेसकालमा सडकमा मागेर खानुपर्ने अवस्था नआउने बताउनुभयो । उपाध्यक्ष श्रेष्ठले भन्नुभयो,-"सडकमा मागेर खाने वृद्धवृद्धालाई व्यवस्थित गर्ने पहिलो जिम्मेवारी राज्यको हो, राज्यले नगरेको खण्डमा मात्र निजी क्षेत्रले योजना बनाएर व्यवस्थित गर्नुपर्छ ।" मानवीय स्वास्थ्यमा आएको सुधार तथा विभिन्न कारणबाट नेपालमा मानिसको सरदर आयुमा आएको वृद्धिले ज्येष्ठ नागरिक (ज्येष्ठ नागरिक ऐन, २०६३ अनुसार ६० वर्ष उमेर पुगेका)को जनसङ्ख्या तीव्ररूपमा वृद्धि भइरहेको छ । ज्येष्ठ नागरिकको बढ्दो जनसङ्ख्यालाई हेर्ने हो भने २०४८ सालमा कूल जनसङ्ख्याको ४.६ प्रतिशत (करिब ११ लाख), २०६८ सालमा ८.१४ प्रतिशत (करिब २२ लाख) र २०६८ सालमा १०.१० प्रतिशत (करिब २६ लाख) रहेको देखिन्छ ।

संयुक्त परिवारको संस्कृतिमा निर्माण भएको नेपाली समाजमा हाल आएर एकल परिवारको संस्कृतिले प्रश्रय पाएको कारणबाट सांस्कृतिक, सामाजिक विचलन देखा पर्दै गएको र समाज, घर परिवारमा नै ज्येष्ठ नागरिकप्रति गरिने व्यवहारमा परिवर्तन आएको ज्येष्ठ नागरिकको भनाइ छ । यी र यस्तै कारणले पनि ज्येष्ठ नागरिक ज्ञान र अनुभवका अमूल्य भण्डार हुँदाहुँदै पनि शान्तिपूर्वक र सम्मानजनक रूपमा बाँच्नका लागि विभिन्न समस्या झेलिरहेको पाइन्छ ।

# अन्तर्राष्ट्रिय शिक्षण शिप विकास कार्यशाला शुरु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**

शिक्षण एक दृष्टिकोणको जिम्मेवारी" शिक्षा र विकाशमा जोड भन्ने मुख्य विषयमा केन्द्रित रहेर पोखरामा एक हप्ते अन्तर्राष्ट्रिय शिक्षण शीप विकाश कार्यशाला शुरु भएको छ । पोखरा १ सिमपानी स्थित करुणानिधी विद्याश्रम उ.मा.वि. को आतिथ्यता राष्ट्रिय शीप विकाश फाउन्डेशन (एनफोर्स्ड) कास्कीको आयोजना तथा केपिजे विश्वविद्यालय, थिओला फाउन्डेशन नेदरल्याण्डको प्राविधिक सहयोगमा सञ्चालित उक्त तालिमको प्याब्सन कास्कीका अध्यक्ष चिनु रानाभाटले एक भव्य कार्यक्रमको बीचमा उद्घाटन गर्दै तालिम उपलब्धि मूलक अन्तरक्रियात्मक तथा उत्कृष्ट होस भन्ने शुभकामना दिए । तालिमका मुख्य वक्ता तथा प्रशिक्षकद्वय थिओ हल्शोफ र हिडगो भान डेन इन्डेले सहजीकरण गर्ने उक्त तालिममा अतिथिको तर्फबाट क्याउडबेस फाउन्डेशन कि जर्मन/अमेरिकन पाइलट बेल्ला म्यासेन्जरले आफूहरुले आकाशमा उड्ने चराहरुको अनुगमनबाट धेरै कुरा सिके जस्तै तालिमबाट धेरै भन्दा धेरै कुरा सिक्न शुभकामना दिइन भने जिनजिन हाइस्कूल, पर्थ, अष्ट्रेलियाका हेडमास्टर ब्यारी ब्रुमफिल्डले विभिन्न पृष्ठभूमि संस्कृति, उमेर समूह र फरक शिकाईबाट सिक्ने बच्चाहरुलाई विविधिकरण मार्फत उनीहरुमा भएको सिकाई प्रतिको तृष्णालाई उचित रुपले सम्बोधन गर्नु शिक्षकको दायित्व रहेको वताउँदै आफ्नो परम्परागत प्रणालीलाई चुनौति दिने हिम्मत गर्नुपर्ने औल्याए । संस्थाका सचिव तथा तालिम संयोजक प्रेम बहादुर कुँवरले तालिम कार्यक्रमको बारेमा प्रकाश पार्दै तालिम तीन दिनसम्म कार्यशालाको रुपमा र बाँकी ४ दिन विद्यालय भ्रमण तथा कक्षा अनुगमन हुने बताए ।

तालिमका मुख्य वक्ता थिओ हल्शोफले उद्घाटन शत्रमा हलमा खचाखत शिक्षक शिक्षिकाहरुको उत्साहपूर्ण सहभागिताले आफूले प्रेरित गरेको बताउँदै दुवै संस्थाको तीन बर्ष देखिको सफल सहकार्यले मात्र यो सफल भएकोमा हर्ष व्यक्त गरे । करुणानिधि विद्याश्रमका प्राचार्य तथा संस्थाका सदस्य श्री डिल्लीराम अर्यालले स्वागत मन्तव्य तथा सोही विद्यालयका प्रवन्ध निर्देशक लोकराज भण्डारी र प्रशिक्षक निकोल लाम्बिक्सले पनि बोलेका थिए । संस्थाका अध्यक्ष एवं बालप्रभात बोडिङ्ग स्कूलका प्राचार्य शालिकराम अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका वरिष्ठ सदस्य युवराज त्रिपाठीले तालिममा विभिन्न ५ वटा सामुदायिक र चार संस्थागत विद्यालयका १८० जना सहभागी रहेको बताए ।

# नेप्टलिया रेष्टुरेण्टले पहिलो वार्षिकोत्सव मनायो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**

पोखराको लेकसाइडस्थित हल्लनचोकमा आफ्नो सेवा शुरु गरेको नेप्टलिया रेष्टुरेण्टले पहिलो बर्ष पूरा गरेको छ । एक बर्ष अघि सञ्चालनमा आएको रेष्टुरेन्टले पहिलो बार्षिकोत्सवमा रेष्टुरेण्टको तर्फबाट नयाँ तथा पुराना आन्तरिक र बाह्य पर्यटक एबं ग्राहकहरुमा हार्दिक आभार समेत प्रकट गरेको छ ।

आफ्नो सेवा शुरु गरेसंगै आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि पारिवारीक वाताबरणमा ब्रेकफाष्ट एवं पिज्जा, पास्ता लगायतको ईटालियन परिकारको साथमा कन्टिनेन्टल र चाइनिज खानाहरु पस्कदै आएको नेप्टलियाले छोटो समयमै पर्यटकहरुका बीचमा ख्याति कमाउन सफल भएको छ । रेष्टुरेण्टले आफ्नो प्रथम वार्षिकोत्सवको अवसरमा खानाको परिकार लगायत आफ्नो सेवामा छुटको योजना समेत ल्याएको छ । रेष्टुरेन्टमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि उत्कृष्ट सेवाको साथमा खानाको परिकारहरुमा पन्ध्र प्रतिशत छुटको योजना ल्याएको उक्त रेष्टुरेन्टका सञ्चालक दिपेन्द्र शाहीले जानकारी दिएका छन् । सञ्चालक शाहीका अनुसार यो योजना कार्तिकको दश देखि बीस गतेसम्म लागु हुनेछ ।

रेष्टुरेण्टका सञ्चालक तथा युवा पर्यटन व्यवसायी दिपेन्द्र शाहीले बेलायतको लण्डनस्थित एक रेष्टुरेण्टमा इटालियन तथा कन्टिनेन्टल खाना सम्बन्धि लामो अनुभव बटुलेर स्वदेश फर्केपछि स्वदेशी तथा विदेशी पर्यटकहरुलाई पारिवारीक वातावरणमा सेवा प्रदान गर्ने उद्देश्यले उक्त रेष्टुरेन्ट सञ्चालनमा ल्याएका हुन् । "पोखराको पर्यटन क्षेत्र र यहाँको बिकासमा केही योगदान गर्ने उद्देश्यले यस रेष्टुरेण्टलाई एक बर्षअघि सञ्चालनमा ल्याएका हौं"-नेप्टलियाका अर्का सञ्चालक सन्तोष शाही बताउँछन् । "पोखरा बिश्वकै एउटा प्रमुख पर्यटकीय क्षेत्र भएकोले पनि आफ्नो सेवामा विशेष छुट दिएर यहाँ आउने आन्तरिक र बाह्य पर्यटकहरुको बीचमा नेप्टलियालाई थप पर्यटनमैत्री रेष्टुरेण्टको रुपमा स्थापित गराउने हाम्रो उद्देश्य हो"-शाहीले प्रष्ट पारे। रेष्टुरेण्ट सञ्चालनको शुरुवातसंगै रेष्टुरेन्टमा फ्रि-वाइफाई सेवा उपलब्ध छ ।

# चौथो मिस तमुस्यो नेपाल २०१४ लाई सहयोग गर्ने प्रतिवद्धता

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**

आगामी मंसिर १३ गते हुन गइरहेको चौथो मिस तमुस्यो नेपाल २०१४ लाई सम्पन्न गर्न तमु ह्युल छौँज धीं गुरुङ राष्ट्रिय परिषद कास्कीले पूर्ण रुपमा सहयोग गर्ने प्रतिवद्धता जनाएको छ ।

तमु विद्यार्थी छौँज धीं कास्कीले आयोजना गरेको चौथो मिस तमुस्यो नेपाल २०१४ लाई सफल बनाउन सहआयोजकको भूमिका निर्वाह गरि आर्थिक, नैतिक, भौतिक रुपमा सहयोग गर्ने निर्णय गरेको हो । जिल्ला समिति कास्कीको सोमबार बसेको बैठकले विद्यार्थी संगठनले आयोजना गर्ने मिस तमुस्योलाई हरेक तवरले सहयोग गर्ने निर्णय गरेको जिल्ला सचिव चेत बहादुर तमुले जानकारी दिए ।

तमु भाषा, संस्कार संस्कृतिको जगेर्ना गर्न संस्था प्रतिबद्ध रहेको भन्दै विद्यार्थीको कार्यक्रममा अभिभावक संस्थाको भूमिका निर्वाह गर्ने बताएका हुन् ।

त्यसैगरि तमु विद्यार्थी छौँज धीं कास्की जिल्लाको बैठकले मिस तमुस्यो गर्न विभिन्न उपसमिति गठन गरेको छ । गठित तालिम व्यवस्थापन उपसमिति संयोजकमा प्रचार सचिव सुजन तमु, आर्थिक संकलनमा सचिव भोज तमु र साँस्कृतिक उपसमितिमा जिल्ला सदस्य माया तमुस्योलाई चयन गरेको चौथो मिस तमुस्यो नेपाल २०१४ का मुल आयोजक समिति संयोजक भुपाल तमुले जानकारी दिए । प्रतियोगिताको देशभरबाट छनोट अडिसन सम्पन्न गरि कार्तिक १५ गते देखि १ महिने प्रशिक्षण शुरु हुँदैछ ।

देशभरबाट छनोटमा परेका प्रतियोगीहरुलाई पोखरामा विभिन्न विधामा प्रशिक्षण दिई मंसिर १३ गते अन्तिम फइनल गरिने उनले जानकारी दिए ।

# मुक्तिनाथको लाभांश ४० प्रतिशत

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**

मुक्तिनाथ विकास बैंक लिमिटेडको, लगानीकर्ताहरुलाई ३८ प्रतिशत बोनस शेयर र कर प्रयोजनार्थ २ प्रतिशत नगद लाभांश गरी कुल ४० प्रतिशत लाभांश वितरण गर्ने निर्णयलाई नेपाल राष्ट्र बैंकले स्वीकृती प्रदान गरेको छ । साथै यस अवधिसम्म बैंकको चुक्ता पुँजी ३६ करोड ७५ लाखको २५ प्रतिशत (४:१ को अनुपातमा) हकप्रद शेयर निष्काशनको लागि धितोपत्र बोर्डवाट स्वीकृत भएकोछ, तत्पश्चात बैंकको चुक्ता पुँजी ५९ करोड ९० लाख २५ हजार हुनेछ । चालु आर्थिक बर्षको प्रथम त्रैमाससम्म बैंकले रु. ५ अर्व ५९ करोड निक्षेप संकलन तथा रु.४ अर्व ८८ करोड कर्जा लगानी गरि ६ करोड ८३ लाख संचालन मुनाफा आर्जन गर्न सफल भएको थियो । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा निक्षेप संकलन ४१ प्रतिशत, कर्जा लगानी ४६ प्रतिशत र संचालन मुनाफा ७८ प्रतिशतले बृद्धि भएकोछ । हाल सम्म बैंकले २० वटा आधुनिक बैंकिङ्ग, १५ वटा सीमित बैंकिङ्ग र ५ वटा लधुवित्त ईकाइ कार्यालयहरु बाट सेवा प्रदान गरिरहेको छ भने निकट भविष्यमा कास्की जिल्लाको पोखरा-१७ छोरेपाटन, पोखरा-१३ काहुँखोला, हेम्जा गाविस-०५ मिलनचोक, लेखनाथ न.पा.-३ बुढीबजारमा र पाल्पा जिल्लाको तानसेन न.पा.-०३ तानसेन बजारवाट आधुनिक बैंकिङ्गको शाखा विस्तार गर्ने प्रकृयामा रहेकोछ ।

# दमौली अस्पतालमा बिरामी बढे

**गोल्डेन न्यूज संवाददाता**
**तनहुँ १० कार्तिक ।**

तिहार लगत्तै दमौली अस्पतालमा रुघाखोकी र ज्वरोका बिरामी बढेका छन् । ती रोगका दैनिक १५० भन्दा बढी बिरामी उपचारका लागि आउने गरेको अस्पतालले जनाएको छ । मौसम परिवर्तनसँगै रुघाखोकी, ज्वरो, दम, ग्यास्ट्रिक, निमोनियाका बिरामी आउने गरेको स्वास्थ्यकर्मी बताउँछन् । ब्यास नगरपालिका, काहुँशिवपुर, जामुने, पोखरी भञ्ज्याङ, घाँसीकुवा, क्यामिन लगायतका ठाउँबाट बिरामी आउने गरेको सो अस्पतालले जनाएको छ । अस्पतालमा बिरामीको चाप भए पनि तिहार मनाउन गएका चिकित्सक नफर्केपछि बिरामी मर्कामा परेका छन् ।

## हार्दिक समवेदना



जन्मः
१९७९/०९/१० गते

स्वर्गारोहणः
२०७१/०६/२७ गते

**स्व. निरकुमारी पौडेल**

यस संस्थाका सदस्य, हेमजा गाविस वडा नं. ६ बाँसबोट निवासी श्री वेदनाथ पौडेल तथा आदरणीय दाजु शिवलाल पौडेलकी ममतामयी माता **निरकुमारी पौडेल**को असामयिक निधनले हामी अत्यन्तै मर्माहत बनेका छौं । उहाँको निधन यस दुःखद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**पुष्कल बहादुर थापा**
अध्यक्ष एवं
**इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएशन (एगा) परिवार, पोखरा**


## फ्ल्याट भाडामा

पोखराको मुटु जिरो किमीमा रहेको घरको फ्ल्याटहरु व्यापारिक व्यावसायिक तथा व्यवसायिक प्रयोजनका भाडामा रहेको हुँदा । आवश्यक महानुभावले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८५६०२९११३**

नोट : तिहार अगाडि आउनेलाई विशेष प्राथामिकता

## STUDY AND WORK IN JAPAN

अब तपाइँको जापान जाने चाहना हामी पुरा गर्छौं ।

- No Visa No Money
- Part time job Gurantee
- Bachelor /Master No need of NAT/JLPT
- NAT, JLPT नभएपनि Apply गर्न पाइने ।
- Group मा आउनेलाई विशेष छुटको ब्यवस्था ।
- Free language and Documentation

**MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY**
Mahendrapool.Pokhara,Medicalline,Tel:061-520113, 9846646980, 9856046980

## "ग्याँस गिजर" सेट



इण्डियन कम्पनीका ग्याँस गिजर पाए अरु किन राख्ने ?

नोट : यूरोगार्ड तथा Kent Company का R.O. Water Purifier किचन चिम्नी होलसेल मूल्यमा उपलव्ध हुनुका साथै मर्मत पनि गरिन्छ ।

सम्पर्क

**न्यू पायोनियर इन्टरनेशनल**
रानीपौवा, पोखरा, फोन : ०६१-५२७९१८, ९८५६०२५३७०

## "रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

**योर्स ट्रेड कन्सर्न**

सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की

डिलरः एशियन पेन्ट

नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

## हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।

**त्यो पनि सस्तोमा**



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

**गण्डकी कम्प्युटर्स**
... the printer house

## FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA



- **यौन पुरुष** : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, **पुन सुहाग रात फर्काउन**, Herbal Livetra, Hormotex, Maxman.
- **महिला** : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
- केश झर्न तुरून्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
- मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
- उचाइ बढाउन **Step up** (नबढे पैसा फिर्ता)
- तौल बढाउने आयूर्वेदिक अचुक औषधि मात्र १५००/- (महिनामा ७-१० Kg बढाउने)
- **थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन**
- तौल घटाउने जापनिज deit मात्र २५००।-
- ढाड तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेननिल

*** तौल घटाउन Slim 24 pro**

**पोखरा हर्वल होम्स**
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

## STUDY in JAPAN 'n' USA

हाम्रा विशेषताहरुः

- कमाउदै अध्ययन गर्न सकिने ।
- High भिसा Success Rate.
- आफुले काम खोज्ने झन्झट व्यहोर्नु नपर्ने ।
- जापानका ख्याती प्राप्त कलेजमा अध्ययन गर्न सकिने ।
- कम्तीमा १० वर्ष जापान रहनु भएका प्रशिक्षकद्धारा प्रशिक्षण गराईने ।
- Apply गर्नेलाई Language Free ।
- "No Visa No Charge"
- एस.एल.सी बाट पनि जापानका लागी Apply गर्न सकिने ।
- NAT/JLPT नभए पनि हुने ।

मात्र रु. ५ लाखमा जापान
+2 मा ६०% ल्याउनेले विना TOFEL or IELTS अमेरीका Apply गर्न सकिने

अमेरीका र न्युजल्यान्ड मात्र रु. ९०००००/-

सम्पर्कः ब्रेसएजुकेशन ९८५६०३७९०६, ५२८८२५

उमेर तथा Education gap NO PROBLEM

# 'सहमतिमै निर्धारित समयमा लोकतान्त्रिक संविधान'

**काठमाडौं १० कार्तिक ।(रासस)**

प्रमुख राजनीतिक दलका नेताले सहमतिमा नै आगामी माघ ८ गतेभित्र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी हुने प्रतिबद्धता जनाएका छन् ।

एकीकृत नेकपा(माओवादी) समेतको २२ दलीय मोर्चाले दसैं, तिहार, नेपाल संवत्, छठलगायत विभिन्न राष्ट्रिय पर्वका अवसरमा सोमबार आयोजना गरेको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा सहभागी नेताले सहमतिमा नै संविधान लेखन प्रक्रियाले पूर्णता पाउने विश्वास व्यक्त गरे । प्रमुख राजनीतिक दलबीच बाह्रबुँदे सहमतिबाट सुरु भएको सहकार्यको राजनीति नै मुलुकका लागि अपरिहार्य भएको उल्लेख गर्दै उनीहरूले हाल देखिएको असहमति पनि सहमतिमा रुपान्तरण हुने धारणा राखे । फरक फरक राजनीतिक दर्शन र सिद्धान्तमा आधारित भएर राजनीति गरेको भए पनि मुलुकको समग्र हित र प्रतिष्ठाका लागि पनि सहकार्य, सहमति र एकताको विकल्प नभएको उनीहरूको भनाइ थियो । चियापान समारोहमा उपस्थित प्रधानमन्त्री सुशील कोइरालाले तोकिएकै समयमा संविधान जारी हुने गरी प्रक्रिया अगाडि बढिरहेको बताए । संविधान निर्माण प्रक्रियामा सहमति, सहकार्य र एकताको विकल्प नभएकामा जोड दिँदै प्रधानमन्त्रीले सबै वर्ग तथा क्षेत्रको प्रतिनिधित्व हुने गरी सङ्घीयतासहितको संविधान जारी हुने विश्वास व्यक्त गरे ।

नेपाली काँग्रेसका सभापति समेत रहेका कोइरालाले भने- "दलीय भन्दा पनि सहमतिको संविधान जारी हुने छ ।" संविधानसभाका विभिन्न समितिले आफ्नो कार्यक्षेत्रानुसार काम गरिरहेको, दलबीच निरन्तर संवाद जारी रहेको, सरोकार भएका विभिन्न निकायसँग पनि छलफल जारी रहेको प्रसङ्ग जोड्दै प्रधानमन्त्री कोइरालाले भने-" हाम्रो र राम्रो संविधान जारी गरी मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढ्ाउन सबै राजनीतिक दल तयार छौँ, त्यसमा सबैको सकारात्मक सहयोगको आवश्यकता छ ।''

नेकपा(एमाले)का नेता माधवकुमार नेपालले सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता तथा समानुपातिक प्रतिनिधित्वबाट कुनै पनि राजनीतिक दल पछाडि फर्कन नसक्ने बताउँदै समतामूलक समाज निर्माणको आधार नयाँ संविधानले दिने विश्वास व्यक्त गरे । सबै वर्ग, क्षेत्र, तह तथा तप्कालाई अधिकारसम्पन्न बनाउने महाअभियानमा कोही कसैले पनि तलमाथि गर्न नसक्ने धारणा राख्दै नेता नेपालले भने-" पहिचान र सामर्थ्यका आधारमा राज्यको पुनःसंरचना गरिन्छ, महिला, मधेसी, जनजाति सबैलाई अधिकार सम्पन्न बनाइन्छ ।'' "सबै राजनीतिक दलले दृढ इच्छाशक्ति राख्ने हो र मुलुकको भविष्य तथा जनताको चाहनालाई आत्मसात् गर्ने हो भने माघ ८ गतेभित्र संविधान जारी हुन्छ"-उनले भने । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले विगतका सहमति र सम्झौतालाई मात्रै मनन गर्ने हो भने संविधान लेखन प्रक्रियामा कुनै पनि जटिलता उत्पन्न नहुने धारणा राखे । शान्ति सम्झौताका हस्ताक्षरकर्ता शक्तिबीच सहकार्य र एकताको जरुरी रहेको बताउँदै उनले भने- "सबैले त्याग गर्ने हो भने जनताका सामु गरेको प्रतिबद्धताअनुसार नै माघ ८ गते संविधान जारी हुने छ "

सबैलाई अधिकार दिनुपर्छ भन्ने मान्यता राख्ने र विगतको प्रतिबद्धतालाई आत्मसात् गर्ने हो भने संविधान निर्माणमा देखिएका जटिलता क्षणभरमा नै हल हुने उनको कथन थियो । आफ्नो दल र २२ दलीय मोर्चा संविधान निर्माण प्रक्रियामा हदैसम्मको लचकता अपनाउन तयार रहेको उनको भनाइ थियो । कार्यक्रममा सभामुख सुवासचन्द्र नेम्वाङ, काँग्रेसका उपसभापति रामचन्द्र पौडेल, महामन्त्री कृष्णप्रसाद सिटौला र नेता एवं सूचना तथा सञ्चारमन्त्री डा मीनेन्द्र रिजाल, एमाले संसदीय दलका प्रमुख सचेतक अग्नि खरेल, नेकपा(माले)का महासचिव सिपी मैनाली, नेकपा(माओवादीका अध्यक्ष मोहन वैद्यलगायत विभिन्न राजनीतिक दलका नेता, यहाँस्थित कूटनीतिक नियोग, संवैधानिक अङ्ग र सुरक्षा निकायका प्रमुख, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारवादीको सहभागिता थियो ।

## विमानस्थल...

पोखरामा विमानस्थल निर्माणका लागि चासो दिईरहेको थियो ।

*यसैगरी विमानस्थल निर्माण सरोकार समितिले विमानस्थल निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने भनि मन्त्रिपरिषदले सोमबार गरेको निर्णयलाई स्वागत गरेको छ । समितिले अबको एकमहिना भित्र विमानस्थल शिलान्यास हुने समेत विश्वास व्यक्त गरेको छ । गोल्डेन न्यूज दैनिकसंग कुरा गर्दै विमानस्थल निर्माण सरोकार समितिका संयोजक एवं पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले सरकारले सोमबार गरेको निर्णयप्रति आफूमात्र होइन समग्र पश्चिमाञ्चलवासी हर्षित भएको बताए । उनले भने- 'ढिलै भएपनि पोखरेलीको मागलाई सरकारले सुनेको छ । यसप्रति समग्र पश्चिमाञ्चलवासी हर्षित भएको छ । अबको एक महिनामा विमानस्थल शिलान्यास हुन्छ ।' विमानस्थल निर्माणका लागि दवाव दिन सहयोग गर्ने सबैप्रति संयोजक थापाले आभार व्यक्त गर्दै भने- 'सरकारको निर्णयसंगै पोखरेली तथा समग्र पश्चिमाञ्चलवासीको जित भएको छ । विमानस्थल निर्माण संगै यस क्षेत्रमा विकासको ढोका खुल्नेछ ।' विमानस्थल निर्माणमा अझैपनि भाँजो हाल्नेहरु निस्कन सक्ने भएकाले अझैपनि खबरदारी गरिरहनुपर्नेमा थापाले जोड दिए । उनले भने-'विमानस्थल निर्माणमा अझैपनि सहज ढङ्गले अघि नबढ्न सक्छ, त्यसका लागि अझैपनि खबरदारी आवश्यक छ र विमानस्थल निर्माणकार्य सम्पन्न नभएसम्म खबरदारी गरिरहनुपर्छ ।' विमानस्थल निर्माणमा सबैको भूमिका बराबर रहेको भन्दै संयोजक थापाले भने-'एउटा रुख काट्न पहिलो चोट लगाउने र अन्तिम समयमा रुख ढाल्नेको भूमिका बराबर रहन्छ ।'*

*यता, पश्चिमाञ्चल बासीकै सुखद् प्रतिक्षाको विषय रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने भनि सोमबार मन्त्रिपरिषदले गरेको निर्णयप्रति नेकपा एमाले कास्कीले स्वागत गरेको छ । सोमबार एक विज्ञप्ति प्रकाशित गर्दै एमालेले यसक्षेत्रकै विकास प्रेमी सम्पूर्ण जनताको निरन्तरको दवाब र पहलकदमी स्वरुप प्राप्त यस सफलतालाई सार्थक बनाउन महत्वपूर्ण भूमिका खेल्नुहुने कास्कीका राजनीतिक दलहरु राजनीतिक अगुवाहरु, मन्त्रि, सभासदहरु, नागरिक अगुवाहरु का साथै विभिन्न संघ सस्थाहरु, उद्योग वाणिज्य संघ तथा पर्यटनसंग सम्बन्धित संघ संस्थाहरु लगायत विकास प्रेमि सम्पूर्ण नागरीकहरुमा हामी हार्दिक कृतज्ञता व्यक्त गरेको छ । यस पुनित कार्यमा विगतदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्ने राजनीतिक व्यक्तित्वहरुका साथै जटिल रहेको जग्गा मुआव्जा विवाद समाधान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने तत्कालिन पर्यटन मन्त्रि एवम् विवाद समाधान गर्न गठित समिति लगायत हाल सरकारबाट गठित उच्चस्तरीय सहयोग समिति लगायत सम्पूर्ण व्यक्तित्वहरुलाई विशेष धन्यवाद दिन चाहन्छौं एमालले विज्ञप्तिमा उल्लेख गरेको छ ।*

## औद्योगिक क्षेत्रको विकास र प्रवर्द्धनका लागि उपसमिति गठन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**

पोखरा उद्योग बाणिज्य संघले पर्यटन र औद्योगिक क्षेत्रको विकास एवं प्रवर्द्धनका निम्ति छुट्टै उपसमिति गठन गरेको छ । संघको सोमबार बसेको कार्यसमिति बैठकले पर्यटन प्रवर्द्धन उपसमिति संयोजकको जिम्मेवारी कार्यसमिति सदस्य सोम थापालाई सुम्पेको छ भने औद्योगिक प्रवर्द्धन उपसमितिको संयोजकमा मोहनबाबु खड्का रहेका छन् । थापा पर्यटन र खड्का उद्योग सम्वद्ध व्यक्तित्व हुन् ।

संयोजकद्वयले उपसमितिलाई छिट्टै पूर्णता दिने र ठोस कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गरेको संघका महासचिव रविन्द्रबहादुर प्रजुले जानकारी दिए । यसैगरी पोखरा उद्योग बाणिज्य संघले मंसिरको पहिलो सातादेखि पोखरामा आयोजना हुने राष्ट्रिय औद्योगिक ब्यापार मेला-२०७१ को तयारी तीव्र पारेको छ ।

संघको सोमबार नै बसेको कार्यसमिति बैठकले टिकट ब्यवस्थापन उपसमितिको संयोजकको जिम्मेवारी कार्यसमिति सदस्य अमितराज मुल्मी र खानेपानी तथा वातावरण उपसमितिको संयोजकको जिम्मेवारी कार्यसमिति सदस्य मोहनबाबु खड्कालाई दिएको छ । बैठकमा यसअघि नै गठित विभिन्न उपसमितिका संयोजकहरुले आ-आफ्नो कार्यप्रगति विवरणबारे जानकारी गराएका थिए । बैठक संघका अध्यक्ष विन्दुकुमार थापाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# खेलकूद समाचार

## नेपाल र अमेरिकाबीचको क्रिकेट खेल स्थगित

**काठमाडौं १० कार्तिक ।(रासस)**

मलेसियामा जारी आइसिसी विश्व लिग क्रिकेट डिभिजन थ्रीअन्तर्गत सोमबार भएको नेपाल र अमेरिकाबीचको खेल वर्षाका कारण स्थगन भएको छ । मलेसिया स्थित किनरारा ओभल मैदानमा भएको सो प्रतियोगितामा लगातार वर्षा भएपछि खेल मङ्गलबार सञ्चालन हुनेछ । यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको अमेरिकाले ४७ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै २०४ रनको योगफल तयार गरेको थियो । नेपालले जवाफी ब्याटिङ सुरु गर्न नपाउँदै पानी परेपछि खेललाई ३० ओभरमा छोट्याइएको थियो । खेल ३० ओभरमा छोट्याइएपछि १६२ रनको नयाँ लक्ष्य पाएको नेपालले सात ओभरमा तीन विकेट गुमाउँदै २७ रन जोड्दा पुनः पानी परेपछि खेल रोकिएको हो । अमेरिकालाई २०४ रनमा समेट्ने क्रममा नेपालका सोमपाल कामीले तीन विकेट लिए भने सागर पुन, वसन्त रेग्मी र शक्ति गौचनले समान दुई दुई विकेट लिएका थिए । यसअघि तीन खेल खेलेको नेपालले दुई खेलमा जित तथा एक खेलमा हार बेहोरेको छ । नेपालले बर्मुडा र सिङ्गापुरलाई पराजित गरेको तथा युगान्डासँग हार बेहोरेको थियो । प्रतियोगितामा शीर्ष दुईभित्र पर्ने टोली डिभिजन टु मा बढुवा हुनेछन् ।

**नेपाल विजयी**

नेपाली महिला नेत्रहीन क्रिकेट टोली ट्वेन्टी ट्वेन्टी मैत्रीपूर्ण क्रिकेट खेलमा इङ्ल्यान्डलाई पराजित गर्दै विजयी भएको छ । पुल्चोकस्थित इन्जिनियरिङ त्रिकेट मैदानमा भएको सो प्रतियोगितामा नेपालले इङ्ल्यान्डको महिला नेत्रहीन टोलीलाई ९३ रनले पराजित गरेको हो । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपाली टोलीले निर्धारित ओभरमा १७४ रनको विशाल योगफल खडा गऱ्यो । एक सय ७५ रनको लक्ष्य लिएर जवाफी ब्याटिङमा उत्रिएको इङ्ल्यान्ड निर्धारित ओभरमा आठ विकेट गुमाउँदै ८० रनमा समेटियो । नेपाली टोलीको जितमा मनकेशरी चौधरीले सर्वाधिक ७७ रनको योगदान दिइन् भने ओममायाले २४ रन जोडिन् । इङल्यान्डलाई सस्तैमा समेट्ने क्रममा नेपालकी भगवती भट्टराई र सुनिता घिमिरेले समान दुई दुई विकेट तथा मुना अर्याल र सरिता घिमिरेले समान एक एक विकेट लिएका थिए । इङ्ल्यान्डका लागि भने जडीले १६ तथा सराहले १४ रन बनाएका थिए । नेपाल नेत्रहीन क्रिकेट सङ्घको आयोजना र युवा तथा खेलकुद मन्त्रालयको सहकार्यमा भएको उक्त प्रतियोगितामा प्लेएर अफ द म्याच घोषित भएकी नेपालकी मनकेशरी चौधरीले रु दुई हजारसहित ट्रफी प्राप्त गरिन् ।

## ज्वाला प्रज्वलन विधिबाट उपचार गराउँदै पर्यटक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० कार्तिक ।**

विभिन्न जडिवुटीको धुलोको मिश्रणलाई आगोको ज्वालाबाट शरीरमा प्रहार गरी उपचार गरिने बिधि ज्वाला प्रज्वलन विधिबाट विदेशी पर्यटकहरुले समेत उपचार गराएका छन । हालै पोखरा घुम्न आइपुगेका अष्ट्रिया र जर्मनीका पर्यटकहरुले पोखरा १० बुद्ध शान्तिमार्गमा रहेको टासी छ्योएलिङ गोपाल गुम्बामा ज्वाला प्रज्वलन विधिबाट उपचार गराएका हुन् । पोखरा आसपासमा रहेका विभिन्न रोगका विरामीहरुलाई ज्वालाको माध्यामबाट विदेशी पर्यटकहरुले समेत वेलाबेलामा ज्वालाको माध्यामबाट प्राकृतिक उपचार गर्दै आइरहेका गुम्बाका मुख्य लामागुरु आम्ची गोपाल लामाले बताए ।

विशेषगरी चिसो मौसमको समयमा चिसोबाट लाग्ने विभिन्न रोगहरु शरीरको विभिन्न भागहरु दुख्ने, झमझमाउने, जोर्नी दुख्ने, पिनास लगायतका रोगहरुको विभिन्न जडिबुटीको मिश्रणबाट बनेको धुलोलाई ज्वालाको माध्यमबाट शरीरमा प्रहार गरी उपचार गर्दा ठीक हुने भएकाले पर्यटकहरु यो समयमा पोखरा आएर बिरामी भएको बखतमा गुम्बामा उपचारको लागी आउने गरेको उनको भनाइ रहेको थियो ।

यसपटक जर्मनी र अष्ट्रियाका गरी ६ जना पर्यटकहरु गुम्बामा उपचारका लागी आएका थिए । लगातार तीन दिनको उपचार पश्चात उनीहरुले आफूहरुलाई नौलो तरिकाले उपचार गरी ठीक बनाएकोमा धन्यबाद ब्यक्त गरे ।

उपचार पश्चात् जर्मनीका मारिया क्रिष्टिने हेइडगरले आफूहरु गाइडको माध्यमबाट गुम्बामा उपचारका लागि आएको र चिसोका कारण शरिर अफ्ठेरो महसूस भइरहेको र ज्वालाको माध्यमबाट उपचार गर्दा ठीक भएको बताइन । उनले भनिन-शुरुमा आगो शरिरमा प्रहार गर्दा डर लागेको थियो तर उपचार गर्ने भनेर नडराई उपचार गर्न दिनदिनै आए ठीक भयो धन्यबाद छ गुरु र गाइडलाई । त्यसैगरी अष्ट्रियाका लेन्का वावटजिनले आफूलाई मनमा धेरै कुराहरु खेल्ने गरेको र बेला-वेलामा नकारात्मक सोचहरु आउने गरेको तीन दिनसम्म ज्वालाको माध्यमबाट उपचार पछि निकै राहत मिलेको बताए । उनले भने-म त आए अब नेपाल आउने मेरा साथीहरुलाई एक पटक पोखराको यो गुम्बामा आउन भन्छु ।

पर्यटकहरुलाई गुम्बामा ल्याउने गाइड चन्द्रमान कुमालले आफूले पोखरा आएको बेला आफूले ल्याएका पर्यटकहरुलाई पोखरामा रहेका गुम्बाहरु घुमाउने गरेको र विरामी परेकाहरुलाई ज्वालाको विधिबाट उपचार गराउन ल्याउने गरेको बताए । वर्षेनी गुम्बामा १५ जना सम्म विदेशीहरु ज्वालाको माध्यमबाट उपचार गर्न आउने गरेको गुम्बाले जनाएको छ । विदेशी बाहेक पोखरा र आसपासमा रहेका विभिन्न रोगहरु प्यारालाईसिस, महिनावारी गडवड, ढाडको दुखाई, अनिद्रा, पिनास लगायत रोगहरुको ज्वालाको प्रहारबाट सफल उपचार गराउदै आइरहेको गुम्बाका लामागुरु उर्जिन गुरुङले बताए ।


घर वरिपरिको वातावरण सफा र स्वचछ राखौं, रोगव्याधिबाट बचौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

**मोटरसाइकल चालकहरुलाई आइपुग्यो !!!**

**मोटरसाइकल चलाउँदा चेष्ट-गार्ड लगाऔं ।**
**छातीलाई चिसो हुनबाट बचाऔं ।**

SUNNY CHEST GUARD

एउटा चेष्टगार्ड को खरिदमा एउटा माक्स सित्तैमा !

SUNNY–BRAND को चेष्ट–गार्डले छातीलाई चिसोबाट बचाउनको लागि विशेष किसिमको प्रविधिद्वारा तयार गरिएको हुन्छ । चिसोले छाती, फोक्सो, घाँटीलाई असर गर्ने भएकोले यसबाट बच्नको लागि Sunny Chest Guard सँधै प्रयोग गरौं ।




सम्पर्क : आरोग्य होमियो फार्मेसी
इन्द्रचोक-१०, पोखरा (रंगशाला सँगै)
फोन: ०१६-४३२२४२, ९८४६०६८८०६ (आरोग्यधाम हस्पिटलसँगै)

**अनुभवी ड्राइभर आवश्यकता**

पोखराको एक ट्राभल्स एजेन्सीका लागि 4HD Jeep ग्रामिण क्षेत्रमा चलाउन सक्ने, उमेर कम्तिमा ३० वर्ष पुगेको, सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्षाको अनुभव भएको दुई (२) जना ड्राइभर अवश्यक परेकोले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
तलव : आपसी समझ्दारीमा तय गरिनेछ ।
सम्पर्क गर्ने मिति : २०७१ कार्तिक ११-१६ गतेसम्म
आवश्यक कागजपत्र : नागरिकताको फोटोकपि-१, सवारी चालक अनुमतिपत्रको फोटोकपि-१, फोटो-२ प्रति ।

निवेदन दिने स्थान
पोखरा मण्टेश्वरी एण्ड मल्टिपल ट्रेनिङ सेन्टर प्रा.लि.
पोखरा-११, रानीपौवा (फूलवारी व्यारेक गेट अगाडि), फोन : ०६१-५४१८१३




**कर्मचारी आवश्यकता**

१. एकाउण्ट अफिसर -१ जना
२. फ्रन्टडेक्स अफिसर- १ जना
३. कुक - २ जना
४. टुर बुकिङ अफिसर - १ जना
५. सुपर भाइजर - २ जना (बाइक चलाउन जान्ने)
६. मार्केटिङ (कर्पोरेट) बोर्डर- १ जना
७. रेष्टुरेन्ट क्याप्टेन -१ जना
८. रुमव्वाई - १ जना
९. किचन हेल्पर - २ जना
१०. सेक्युरिटी गार्ड - १ जना

नोट : माथिका सम्बन्धित पदमा अनुभवी, ईच्छुक व्यक्तिहरुले निवेदन र बायोडाटा सहित सम्पर्क गर्नुहोला ।
तलव : आपसी समझदारीमा (Skill, Talent, Target output Perfurmance बमोजिम हुनेछ।)

सम्पर्क : टीका रिसोर्ट
लेकसाइड, पोखरा (हल्लनचोक)

**के तपाईमा यौनसम्बन्धी समस्या छ ?**

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।
महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : छासूत्रद्वारा पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

**आनन्दको विज्ञान पुस्तक बजारमा आइपुग्यो**

प्रकाशित भएको एक महिनामै 'वेष्ट सेलिङ'मा पर्न सफल पुस्तक 'सुपरभिजन-आनन्दको विज्ञान' बजारमा सर्वत्र उपलव्ध छन् । खोजी-खोजी पढौं ।
लेखक : डिलाराम लामिछाने
कृति : जीवन दर्शन (सबै वर्ग र तहका व्यक्तिहरुलाई उपयुक्त पुस्तक)
पुस्तक पाइने ठाउँहरु
बुकमार्ट, गैह्रपाटन, पोखरा, पाठक बुक्स एण्ड स्टेशनरी, सभागृहचोक
बाजे पुस्तक पसल, महेन्द्रपुल, पोखरा
स्पार्क बि. एण्ड डि. हस्पिटल, सभागृहचोक, पोखरा
एवं पोखराका प्रमुख पुस्तक पसलहरु ।
सम्पर्क : फोन : ०६१-५२१४०८, मोवाइल : ९८४६०३४३८४





सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा